# गैर बैकिङ्ग (अचल) सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रिको ७ (सात) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल आषाढ महिना २६ गते मंगलबार)

यस मुक्तिनाथ विकास बैंक लि. का.म.न.पा. वडा नं. २८, कमलादी, काठमाडौंको नाममा दर्ता श्रेष्ता कायम रहेको तपशिल बमोजिमका गैर बैकिङ्ग (अचल) सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैंकको कुनै पनि शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

| क्र.स. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुनसरी | साविक भादगाउँ सिनवारी हाल रामधुनी | ५ | ३८५१ | ०-१-१.५-० (विघा) | जग्गा |
| | | | | ३८५३ | ०-२-२.२५-० (विघा) | जग्गा |
| २ | मोरङ्ग | साविक कसेनी हाल बेलबारी | ३ | ११७१ | ०-२-३-० (विघा) | घरजग्गा |
| ३ | झापा | साविक तोपगाछी हाल कमल गा.पा. | साविक ५ हाल ३ | १७८० | ०-१-२-० (विघा) | जग्गा |
| ४ | नवलपरसी (वर्दघाट सुस्ता पश्चिम) | साविक उनवच हाल रामग्राम, बैकुण्ठपुर | साविक ९ हाल ८ | ६९३ | ०-६-५-० (विघा) | जग्गा |
| | | | | ६६८ | ०-५-११-३ (विघा) | जग्गा |
| ५ | पाल्पा | रामपुर | साविक ५ हाल ७ | २९०८ | १-६-१-१ (रोपनी) | जग्गा |
| | | | | २९११ | २-१५-२-३ (रोपनी) | जग्गा |
| ६ | पाल्पा | साविक खलिवन हाल रामपुर | साविक ४ हाल ८ | ७८४ | ४-५-०-० (रोपनी) | जग्गा |
| ७ | बर्दिया | साविक कालिका गा.वि.स. हाल बढैयाताल गा.पा. | साविक ९ हाल ७ | ५२५ | ४२१५.८१ (व.मी) | जग्गा |
| | | | | ५२२ | ८२९.४९ (व.मी) | जग्गा |
| ८ | मोरङ | बिराटनगर | १ | ५५५ | ०-०-७-० (विघा) | जग्गा |
| | | | | ५५४ | ०-०-१३-१ (विघा) | |
| | | | | १८०० | ०-०-२-३ (विघा) | |
| | | | | ५५३ | ०-०-७-० (विघा) | |
| | | | | १७९९ | ०-०-७-१ (विघा) | |
| | | | | १८०१ | ०-०-१०-०(विघा) | |
| | | | | ५५६ | ०-०-१२-१ (विघा) | |
| | | | | ३०६ | ०-३-३-० (विघा) | |
| | | | | ५४९ | ०-०-६-१ (विघा) | |
| ९ | काठमाण्डौ | महांकाल | ६ | २५० | २७.५६ (व.मि.) | जग्गा |
| | | | | २४८ | २२८.०८ (व.मि.) | |
| १० | महोत्तरी | २५ नं. बहादुरगंज | ४ | ३७९ | ०-९-२-० (विघा) | |
| | | | | ३८२ | ०-२-९-० (विघा) | |
| ११ | स्याङ्गजा | वालीङ | ३ | १५३५ | ०-०-२-२ (रोपनी) | घर जग्गा |
| | | | | १५२० | ०-०-३-३ (रोपनी) | जग्गा |
| | | | | १५०२ | ०-२-०-३ (रोपनी) | |
| | | | | ३९११ | ०-०-१-२ (रोपनी) | |
| | | | | ३९१४ | ०-०-०-१ (रोपनी) | |
| | | | | ४५६५ | ०-०-०-१ (रोपनी) | |
| १२ | चितवन | नारायणगढ | ६ | २६२८ | ०-०-२.७५ (विघा) | घर जग्गा |
| | | | | १७६७ | ०-०-६ (विघा) | |

धितो रहेको ठाउँको नक्साहरु



**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८०/०४/०१ गते सोमबार भित्र यस बैंकको कुनै पनि शाखा कार्यालयमा आईपुग्ने गरि पेश गर्न सकिने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०८०/०४/०२ गते मंगलबार अर्थात ८ औ दिन दिउसो १:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा. वडा नं. २८, कमलादी, काठमाडौंमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा आमन्त्रित सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम सम्बन्धी कार्य हुनेछ । बोलपत्रकर्ता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरि पेश गर्नुपर्ने छ ।

७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।

८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

९) लिलाम बिक्री हुने सम्पत्तिहरु निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस विकास बैंकमा सर्म्पक राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ ।

१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बाँकी सम्पुर्ण रकम विकास बैंकमा बुझाई तोकिएको समय भित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ ।

११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्र दाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, दै दस्तुर,कर तथा अन्य शुल्क ईत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१२) बोलपत्र दाखिल भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।

१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**